Vol. 2, Issue 1, July 2023
**Surkhet Journal**

*Research Management Cell (RMC) Surkhet Multiple Campus, Birendranagar, Surkhet*

# सुर्खेत बहुमुखी क्याम्पसको नेपाली शिक्षा विभागबाट भएका शोधपत्रहरूको शोधक्षेत्र

**हर्कबहादुर शाही (पीएच डी)**
*सहप्राध्यापक*
*त्रि वि अनुसन्धान निर्देशनालय, कीर्तिपुर*
*hark.shahi@sc.tu.edu.np*

## लेखसार

त्रिभुवन विश्वविद्यालयका विभिन्न सङ्कायहरूमा सङ्कायको प्रकृतिअनुसार शोधका क्षेत्र निर्धारण गरेको पाइन्छ । शिक्षाशास्त्र सङ्कायमा भाषा, भाषाशिक्षण, पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषणलाई आफ्नो शोधक्षेत्र बनाइएको छ । सुर्खेत बहुमुखी क्याम्पसमा हालसम्म भएका शोधपत्रको विवरण सङ्कलन गरी तिनका शोधक्षेत्रको विश्लेषण गर्ने उद्देश्य रहेको यो लेख परिमाणात्मक प्रकृतिको र द्वितीय स्रोत सामग्रीमा आधारित छ । सुर्खेत बहुमुखी क्याम्पसमा हालसम्म भएका सम्पूर्ण स्नातकोत्तर तह नेपाली शिक्षा विषयका सबै ४८१ शोधपत्रका शोधक्षेत्रको विश्लेषण गरिएकाले यसमा समष्टि विधि (census method) को उपयोग गरी सम्पूर्ण शोधका शीर्षक, शोधार्थीका नाम र साललाई सङकलन गरिएको छ । सङ्कलित सामग्रीलाई तालिकीकरण र प्रतिशतको आधारमा व्याख्या र विश्लेषण गरिएको छ । यस क्याम्पसमा पाठ्यपुस्तकको विश्लेषण, शब्दकोश, भाषिक सीपगत र विधागत क्षमता, भाषा र स्थानीय भाषिक भेदको नेपाली भाषाबीच तुलना, त्रुटिविश्लेषण, कृतिको शैलीवैज्ञानिक र सङ्कथन विश्लेषण, लोकसाहित्यमा प्रयुक्त भाषा र विभिन्न भाषामा प्रयोग भएका उखान टुक्का, मूल्याङ्कन, प्रश्नपत्र विश्लेषण र विशिष्टीकरण तालिका, विधा शिक्षण कार्यकलाप, सामग्री प्रयोग र व्याकरण शिक्षणको प्रभावकारिता, समाजभाषिक विश्लेषण, गाली, भाषिक अपसरण, कोडमिश्रण र डायस्पोरिक विश्लेषण, पाठ्यक्रमको तुलना र विश्लेषण र शिक्षक निर्देशिका, शोधविवरण र अनुवाद गरी जम्मा १२ शोधक्षेत्रमा शोध भएको पाइन्छ । सबभन्दा बढी ८१ (१६.९%) ओटा पाठ्यपुस्तकको विश्लेषणमा र त्यसपछि शब्दकोशका क्षेत्रमा ७९ (१६.२५%) ओटा शोधपत्र तयार भएका छन् । सबभन्दा कम शिक्षक निर्देशिका, शोधविवरण र अनुवादमा ९ (१.९%) ओटा मात्र शोध भएको पाइन्छ । त्रिवि नेपाली शिक्षा केन्द्रीय विभागले तय गरेका गरेका १४ शोधक्षेत्रमध्ये द्विभाषिकता र बहुभाषिकताको अध्ययन, दोस्रो भाषाशिक्षण, बालभाषाको अध्ययन, बालसाहित्यको अध्ययन विदेशी भाषाको अध्ययन गरी पाँचओटा क्षेत्रमा यस क्याम्पसमा शोध भएका छैनन् । सबै शोधक्षेत्रमा सन्तुलित रूपमा शोध नभइ कुनैमा धेरै र कुनैमा थोरै शोध भएको देखिन्छ । केन्द्रीय विभागले तोकेका सबै शोधक्षेत्रमा सन्तुलित रूपमा अनुसन्धान नहुनुमा शोधार्थीमा नक्कल गर्ने परम्परा हो । शिक्षाशात्र सङ्कायले समय समयमा शोधक्षेत्रको अद्यावधिक गरी विभिन्न क्याम्पसमा भएका शोध शीर्षकलाई आफ्नो वेवसाइटमा सार्वजनिक गर्नुपर्ने र दोहोरिएका शोधशीर्षकलाई तुरुन्त हटाउन सक्ने प्रविधिको विकास गर्नुपर्ने देखिन्छ ।

***शब्दकुञ्जी***

शोधक्षेत्र, शिक्षाशास्त्र, नेपाली शिक्षा, शोधपत्र, स्नातकोत्तर ।

## पृष्ठभूमि

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर कार्यक्रम सञ्चालन भएको ३७ वर्ष भयो । यो कार्यक्रमको उद्देश्य शिक्षक, शिक्षा योजनाकार र प्रशासक, प्रणाली विश्लेषक र शिक्षाको क्षेत्रमा विशेषज्ञ, अनुसन्धाता जस्ता उच्च स्तरको शैक्षिक जनशक्ति उत्पादन गर्नु हो । सुरुमा कीर्तिपुर काठमाडौंको केन्द्रीय क्याम्पसमा मात्र सञ्चालन भएको यो कार्यक्रम हाल अधिराज्यका त्रिभुवन विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयका आङ्गिक, सम्बन्धन प्राप्त सामुदायिक र निजी क्याम्पसहरूमा सञ्चालित छ । एम.एड. कार्यक्रमसँगै २०४० सालदेखि यस तहमा नेपाली शिक्षा विषयको पठनपाठन सुरु भएको हो । नेपाली शिक्षा विषयमा पुरानो वार्षिक प्रणालीमा १०० पूर्णाङ्कको शोधपत्र लेखन थियो भने हाल सेमेष्टर प्रणालीमा ६ क्रेडिट आवरको छ । वार्षिक कार्यक्रममा केही समय ऐच्छिक विषयका रूपमा शोधपत्रलाई राखे पनि हाल यसलाई अनिवार्य विषयका रूपमा पाठ्यक्रममा समावेश गरिएको छ । शिक्षाशास्त्र सङ्कायले नेपाली शिक्षा विषयको शोधपत्र लेखनका लागि आफ्नो सङ्कायको प्रकृतिअनुसार शोधक्षेत्र निश्चित् गरेको छ । ती शोधक्षेत्रमा रहेर शोधपत्र तयार पार्नुपर्ने हुन्छ । मानविकी सङ्कायको नेपाली विषय र शिक्षाशास्त्र सङ्कायको नेपाली शिक्षा विषयका शोधक्षेत्र फरक छन् । शिक्षाशास्त्र नेपाली शिक्षा २०७६ को शोध निर्देशिकामा शिक्षार्थीको भाषिक क्षमता, शिक्षण विधि तथा प्रविधि, पहिलो तथा दोस्रो भाषी विद्यार्थीको नेपाली सिकाइ, द्विभाषिकता तथा बहुभाषिकता, भाषाको तुलनात्मक वा व्यतिरेकी अध्ययन, शिक्षण सिकाइ प्रक्रिया, भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीको अध्ययन, भाषिक मूल्याङ्कन प्रक्रिया, व्याकरण र भाषा शिक्षण, शब्दकोश र त्यसको प्रयोग, बालभाषा र बाल साहित्य सामाजिक सञ्जालमा प्रयुक्त भाषा, सञ्चार माध्यममा प्रयुक्त भाषा, पत्रिका समाचार र कार्यालयीय बडापत्रमा प्रयुक्त भाषा गरी १४ सम्भावित शोधक्षेत्र निर्धारण गरिएको छ । शिक्षाशास्त्रअन्तर्गतको सुर्खेत बहुमुखी क्याम्पसमा विगत १६ वर्षदेखि स्नातकोत्तर तहमा नेपाली शिक्षा विषयको पठनपाठन भइरहेको छ । यसमा हालसम्म यस क्याम्पसको स्नातकोत्तर तहको नेपाली विषयमा तयार भएका ४८१ शोधपत्रलाई आधार मानी शोधक्षेत्रको विश्लेषण गरिएको छ । यस क्याम्पसमा भएका शोधपत्रका क्षेत्र के कस्ता रहेका छन् ? ती शोधक्षेत्र शिक्षाशास्त्र सङ्कायले निर्धारण गरेका शोधक्षेत्रअनुसार छन् कि छैनन ? भन्ने मूल समस्याको समाधानमा यो अध्ययन केन्द्रित रहेको छ ।

## अध्ययन विधि

सुर्खेत बहुमुखी क्याम्पसको एम.एड. नेपाली शिक्षा विषयका शोधलेखनमा भएका शोधक्षेत्रको पहिचान गर्नु, शिक्षाशास्त्र सङ्कायले निर्देश गरेका शोधक्षेत्रमा आधारित भई शोध भए नभएको विश्लेषण गर्नु र अनुसन्धानका क्षेत्रगत सन्तुलित रूपमा शोधपत्र नलेखिनुका कारणको खोजी गर्नु यस लेखका उद्देश्य रहेका छन् । यसमा शोधपत्रका सङ्ख्या र शोधक्षेत्रलाई प्रतिशतका आधारमा व्याख्या र विश्लेषण गरिएकाले यो लेख परिमाणात्मक ढाँचामा आधारित छ । प्राथमिक स्रोत सामग्रीको रूपमा सुर्खेत बहुमुखी क्याम्पसमा भएका नेपाली शिक्षा विषयका शोधपत्र हुन् । शोधपत्रसम्बन्धी व्याख्या विश्लेषण गरेका अनुसन्धानमूलक लेख र पुस्तकलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । प्राप्त तथ्यको वर्णनात्मक

ढाँचामा व्याख्या र विश्लेषण गरिएको छ । त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुर्खेत बहुमुखी क्याम्पसमा हालसम्म भएका सम्पूर्ण स्नातकोत्तर तह नेपाली शिक्षा विषयका सबै ४८१ शोधपत्रका शोधक्षेत्रको विश्लेषण गरिएकाले यसमा समष्टि विधि (census method) को उपयोग गरी नेपाली शिक्षा विभागमा भएका सम्पूर्ण शोधका शीर्षक, शोधार्थीका नाम र साललाई सङकलन गरिएको छ। सङ्कलित शोधका शोधक्षेत्रको पहिचान गर्नुका साथै नामकरण गरिएको छ । नामकरण गरिएका मिल्ने शोधक्षेत्रलाई समायोजन गरिएको छ । सङ्कलित सामग्रीलाई तालिकीकरण र प्रतिशतको आधारमा व्याख्या र विश्लेषण गरिएको छ।

### शोधपत्रका शोधक्षेत्र

सुर्खेत बहुमुखी क्याम्पसको स्नातकोत्तर तह नेपाली शिक्षा विषयको दोस्रो वर्ष र चौथो सेमेस्टरमा हालसम्म भएका शोधपत्रका क्षेत्रहरू यस प्रकार रहेका छन्।

### पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकको विश्लेषणअन्तर्गत, नमुना अभ्यास, चित्र र विधाको तुलना र विश्लेषण गर्नुका साथै पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधारमा विश्लेषण गरिएको छ । पाठ्यपुस्तकमा भएका शब्दभण्डारको विश्लेषण र बोधगम्यताको परीक्षण पनि गरिएको छ। विद्यालय तहका लागि नमुना पाठको निर्माण र पाठ्यपुस्तकमा भएका उखान टुक्काको सङ्कलन गरी त्यसको पनि विश्लेषण गरिएको छ । पाठ्यपुस्तकको विश्लेषणअन्तर्गत अध्ययन भएका शोधक्षेत्र यस प्रकार रहेका छन्।

### नमुनाअभ्यास, चित्र र विधाको तुलना र विश्लेषण

पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको विश्लेषण, पुस्तकभित्र प्रयोग गरिएका चित्रको उपयुक्तताको विश्लेषण र पाठ्यपुस्तकमा समाविष्ट कथा, कविता, रूपक चिठी आदि विधाको तह र स्तर अनुसार भए नभएको विश्लेषण गर्नुका साथै ती विभिन्न विधाका नमुना अभ्यासको पनि व्याख्या र विश्लेषण गरिएको छ। नमुना अभ्यास, चित्र र पाठ्यपुस्तकमा रहेका विधाको तुलनात्मक विश्लेषण निम्नानुसार गरिएको छ।

**तालिका १**

*नमुना अभ्यास, चित्र र विधाको तुलना र विश्लेषण*

| क्षेत्र | सङ्ख्या | विश्लेषण प्रकृति | कक्षा |
|---|---|---|---|
| नमुना अभ्यास | ३ | नयाँ र पुरानोको तुलना | ८, ६, २ |
| | ५ | सरकारी र संस्थागतको तुलना | ४, ७, ५, ७, ३ |
| | ७ | व्याकरणात्मक अभ्यासको विश्लेषण | १०, निमावि, ७, ११, ११, ७, ७ |
| | १ | कथा विधाका अभ्यासको विश्लेषण | ८ |
| | १ | कविता विधाका अभ्यासको विश्लेषण | ८ |
| | ८ | नमुना अभ्यासको तुलना | ९ र १०, ११, ४, ३, ६, २, ६, ४, २, ९ (२०६२ र |

| | | | |
|---|---|---|---|
| | | | २०७६), २ |
| | ३ | कार्यमूलक व्याकरण | ७, ६, आवि |
| जम्मा | **२८** | | |
| चित्रको विश्लेषण | ८ | चित्रको विश्लेषण | ३, १०, ४, ३, ५, १, २, ४ |
| | १ | सरकारी र संस्थागतको तुलना | ६ |
| विधागत विश्लेषण | ८ | कविता विश्लेषण, तुलना र प्रभावकारिता | मावि, १० र ११, ४, १०, ११, ८, ११ |
| | ५ | निबन्ध र प्रबन्ध | ११, ८, ५, ९, मावि, ८ |
| | ५ | कथा | ३, ७, ५, ९, १० |
| | ४ | जीवनी | १०, ९, ६, ७ |
| | १ | रूपक | १० |
| **जम्मा** | **३२** | | |

माथिको तालिकाअनुसार विधाका नमुना अभ्यासको जम्मा २८ जनाले पाठ्यक्रमको विश्लेषण गरेको देखिन्छ भने पाठ्यपुस्तकमा भएका चित्रको विश्लेषण आठ जना र सरकारी र संस्थागत पाठ्यपुस्तकमा रहेका चित्रको विश्लेषण एक जनाले गरेको पाइन्छ । त्यसैगरी पाठ्यपुस्तकका कविता, निबन्ध र प्रबन्ध, कथा, जीवनी र रूपक विधाको विश्लेषण जम्मा ३२ जनाले गरेका छन् । ती विधाहरूमा सबभन्दा बढी कविता विधाको र सबभन्दा कम एक जनाले मात्र रूपक विधाको विश्लेषण गरेको छ । समग्रमा पाठ्यपुस्तकका नमुना अभ्यासको धेरैले विश्लेषण गरेका छन् भने विधागत विश्लेषण कमैले गरेको पाइन्छ । नमुना अभ्यासमा विधागत, तह र कक्षागत रूपमा धेरैले तुलना गरेका छन् । व्याकरणात्मक अभ्यासलाई सात जनाले विश्लेषण गरेका छन् भने कविता र कथाका अभ्यासलाई एक/एक जनाले मात्र विश्लेषण गरेका छन् ।

## आन्तरिक, वाह्य, प्रभावकारिता र शब्दभण्डारका आधारमा पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तक निर्माणमा आन्तरिक र बाह्य आधारमा र पाठ्यपुस्तकको प्रयोग प्रभावकारी ढङ्गले हुन सकेनसकेको कुराको विश्लेषण यसअन्तर्गत गरिएको छ । पाठ्यपुस्तकमा रहेका शब्दभण्डार विद्यार्थीको रुची र क्षमताअनुसार भएनभएको कुराको विश्लेषण यसमा निम्नानुसार गरिएको छ ।

**तालिका २**

*आन्तरिक, बाह्य, प्रभावकारिता र शब्दभण्डारका आधारमा पाठ्यपुस्तकको विश्लेषण*

| क्षेत्र | सङ्ख्या | विश्लेषणप्रकृति | कक्षा |
|---|---|---|---|
| आन्तरिक र बाह्य | ३ | बाह्य आधार | ४, २, ११ |
| | १२ | आन्तरिक र बाह्य | २, १, ३, ११ (ऐ), १०, ४, १, १०, ३, ३ (मेरो करेसा बारी), ५, ३ (हमार बैगार) |
| | २ | आन्तरिक | ११, ९ |

| | | | |
|---|---|---|---|
| | ६ | पाठ्यक्रमअनुरूपता | ५, ९, अनौपचारिक तेस्रो तह, ५ (स्याउखेती), १०, ७ |
| | ४ | पुरानो र नयाँ | ५, ११, ८, ५ |
| | २ | सरकारी र संस्थागत | ७, १ |
| प्रभावकारिता | २ | प्रभावकारिता | प्रौढको (नयाँ गोरेटो), १ (बालगीत) |
| शब्दभण्डार | २ | कथाविधा | ५, १० |
| | ६ | पाठ्यपुस्तक | ८, ११, मावि (पारिभाषिक शब्दावली), ६, ११ (ऐ.नेपाली), १ |
| | १ | निबन्ध (सरकारी र संस्थागत) | ५ |
| | १ | क्रियापदावली | ५ |
| **जम्मा** | **४१** | | |

पाठ्यपुस्तकलाई आन्तरिक र बाह्य आधारमा १७ जनाले शोध गरेका छन् भने पाठ्यक्रम अनुरूपताका आधारमा र नयाँ र पुराना, सरकारी र संस्थागत पाठ्यपुस्तकको तुलनात्मक अध्यनमा १२ जनाले, दुई जनाले पाठ्यपुस्तकको प्रभावकारिता र अन्य दस जनाले कथा, निबन्ध, क्रियापद र समग्र पाठ्यपुस्तकमा आधारित भई शब्दभण्डारको विश्लेषण गरेका छन् । यसमा पाठ्यपुस्तकलाई आन्तरिक र बाह्य आधारमा विश्लेषण धैरैले र शब्दभण्डारअन्तर्गत क्रियापदावलीको विश्लेषण शोध एक जनाले मात्र गरेको देखिन्छ ।

### बोधगम्यता, नमुनापाठ र उखान टुक्का

पाठ्यपुस्तक विद्यार्थीको स्तरअनुसार भए नभएको परीक्षण गर्न बोधगम्यताको परीक्षण, पाठ्यपुस्तकका लागि नमुना पाठको निर्माण र पाठ्यपुस्तकमा समाविष्ट उखान टुक्का विद्यार्थीको स्तर र क्षमताअनुसार पाठमा समावेश भए नभएको विश्लेषण निम्नानुसार गरिएको छ ।

**तालिका ३**

*बोधगम्यता, नमुना पाठ र उखान टुक्का*

| **क्षेत्र** | **सङ्ख्या** | **विश्लेषण प्रकृति** | **कक्षा** |
|---|---|---|---|
| बोधगम्यता | १ | बोधगम्यता परीक्षण | ७ |
| नमुना पाठ निर्माण | ३ | भाषा पाठ्यपुस्तकका लागि | ३, १, २ |
| उखान टुक्का | ४ | पाठ्यपुस्तकमा प्रयुक्त | मावि, निमावि, ९ र १०, कक्षा ७ र ८, |
| **जम्मा** | ८ | | |

तालिकाअनुसार कक्षा सातको पाठ्यपुस्तकको बोधगम्यता परीक्षण गरिएको छ । कक्षा एकदेखि तीनसम्मका नमुना पाठ निर्माण गर्नुका साथै पुस्तकभित्र प्रयोग भएका उखान टुक्काको विश्लेषण गरिएको छ । एक जनाले मात्र पाठ्यपुस्तकको बोधगम्यता परीक्षण गरिएको छ भने पाठ्यपुस्तकमा प्रयोग भएका उखान टुक्काको अध्ययनमा भने चार जनाले शोध गरेको देखिन्छ ।

### पाठ्यक्रमको तुलना र विश्लेषण

पाठ्यक्रमको विश्लेषण र तुलनात्मक अध्ययन क्षेत्रअन्तर्गत निम्नानुसार शोधपत्रहरू तयार पारिएको पाइन्छ।

**तालिका ४**

*पाठ्यक्रमको तुलना र विश्लेषण*

| क्षेत्र | सङ्ख्या | विषय | कक्षा |
|---|---|---|---|
| पाठ्यक्रमको विश्लेषण र तुलना | ४ | नेपाली नाटक एकाङ्की र निबन्ध, नेपाली भाषा र साहित्य शिक्षण, प्रायोगिक भाषाविज्ञानका प्रमुख आयम, नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति | बि.एड प्रथम, एम.एड.दोस्रो, एम.एड.दोस्रो, बिएड तेस्रो, |
| | ६ | अनिवार्य नेपाली तीन वर्षे र चार वर्षे, पाठ्यक्रम २०५८ र २०५९, अनिवार्य नेपाली पाठ्यक्रम, २०६४ र२०६७ पाठ्यक्रम २०४९ र २०६८, पाठ्यक्रम २०५५ र २०६७, पाठ्यक्रम २०६४ र २०७१ | बि.एडप्रथम, निमावि, ११, निमावि, मावि, मावि, |
| **जम्मा** | **१०** | | |

तालिकाअनुसार निमाविदेखि बी.एड.र एम.एड.सम्मका विभिन्न दस ओटा पाठ्यक्रमको विश्लेषण र तुलना गरिएको छ। पाठ्यक्रमको शीर्षक, पाठ्यांश परिचय, उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र सन्दर्भ सामग्रीका आधारमा विश्लेषण गरिएको छ। विद्यालय तहका प्राथमिक तह बाहेकका र विश्वविद्यालय तहका पनि बि.एड. र एम.एड. तहका केही पाठ्यक्रमको अध्यायनलाई यस शोधक्षेत्रमा समेटिएको छ।

### कृतिको शैलीवैज्ञानिक र सङ्कथन विश्लेषण

कृतिको शैलीवैज्ञानिक र सङ्कथन विश्लेषणअन्तर्गत विभिन्न कथा उपन्यास, एकाङ्की, व्यक्ति विशेषका कवितालाई लिइएको छ। शोधक्षेत्रमा उपयोग गरिएका कृति र तिनको सङ्ख्या यस प्रकार रहेको छ।

**तालिका ५**

*कृतिको शैलीवैज्ञानिक र सङ्कथन विश्लेषण*

| क्षेत्र | सङ्ख्या | कृति |
|---|---|---|
| शैलीवैज्ञानिक | २८ | दोषीचश्मा, टेपरीगाउँ, बधशालामा बुद्ध, मणिकुमार पोखरेलका लघु कथा, बाबु, आमा र छोरा उपन्यास, छिँडिभरिको आकाश, अनुराधा उपन्यास, भविश्य निर्माण, माछो माछो भ्यागुतो, चुली उपन्यास, मातृत्व, मैयाँसाहेब, राइटर बाजे, एकान्त, राधा, कर्तव्य, एकरात, सान्नानी, छिमेकी, बलभद्र भारतीका कविता, झोला, सहिद, समानान्तर उपन्यास, परालको आगो, अंहकिबंश एकाङ्की, पल्लोघरको झ्याल, राष्ट्रनिर्माता खण्डकाव्य, मोदीआइन उपन्यास, गुलाबको फूल, प्रत्यागमन उपन्यास। |

| | | |
|---|---|---|
| सङ्कथन विश्लेषण | १३ | आमा ! जानुहोस्, श्वेतभैरवी, भैसी, भुइँखाट , नासो, दोषीचश्मा, परिबन्ध, हारजित, शत्रु , नबान, सिगारी बाख्री कथा र गाउँको माया, घुमाउरो यात्रा, सिधा र गन्तव्य उपन्यास। |
| **जम्मा** | **४१** | |

माथिको तालिकाअनुसार छ ओटा उपन्यास, २२ ओटा कथा, एक/एक ओटा महाकाव्य र एकाङ्की गरी जम्मा २८ ओटा कृतिको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ। कृतिको भाषिक शैलीलाई आधार बनाएर अध्ययन गरिएका उपर्युक्त कृति प्रमुख उपन्यासकार, कथाकार, एकाङकीकार र महाकाव्यकारका कृतिलाई छनोट गरिएको छ । कथा र उपन्यासको तुलनामा एकाङ्की र महाकाव्यको शैलीवैज्ञानिक अध्ययन कम जनाले गरेको पाइयो। एउटा उपन्यास र १२ ओटा कथा गरी जम्मा १३ ओटा कृतिको सङ्कथन विश्लेषण गरिएको छ। उपन्यास ठूलो कृति हुने हुनाले एक जनाले मात्र यसको सङ्कथन विश्लेषण गरेका छन् भने बाँकी १२ जना सबैले कथाको सङ्कथन विश्लेषण गरेका छन्।

## शब्दकोश

शब्दकोश निर्माण गर्ने अनुसन्धानको क्षेत्रअन्तर्गत, स्थानका नाम, पाठ्यपुस्तकमा आधारित शब्दकोश, भाषा र भाषिकाका शब्दकोश, लोक साहित्यमा आधारित शब्दकोश, अनुकरणात्मक शब्दकोश, क्रियापदमा आधारित शब्दकोश, कृषि वनजङ्गलका नाममा आधारित शब्दकोश र विभिन्न भाषाका उखान टुक्काकोश गरी आठ ओटा क्षेत्रमा आधारित निम्नानुसारका शब्दकोश निर्माण गरिएको छ।

**तालिका ६**

*शब्दकोश निर्माण*

| क्षेत्र | सङ्ख्या | कोशको प्रकृति | स्थान र विषयवस्तु |
|---|---|---|---|
| शब्दकोश | ३३ | स्थाननाम | बबई र शान्तिनगर गापा, सल्यान जिल्ला, सुर्खेत चिङ्गाड क्षेत्र, सुर्खेत गुर्वाकोट नगरपालिका, दैलेख आठबीसदरा, कैलाली जिल्ला दैलेख जिल्ला चामुण्डा बिन्द्रासैनी नगरपालिकाका, जाजरकोट खगेन कोट क्षेत्र, बाजुरा जिल्ला, कालिकोट जिल्लाका लालुलोखडा क्षेत्र, रोल्पा जिल्ला, पूर्वी रुकुम जिल्ला, रुकुम जिल्ला, अछाम भैसोल्या क्षेत्र, सुर्खेत लेकबेसी नगरपालिका, सुर्खेत पञ्चपुरी नगरपालिका, जुम्ली भाषिक क्षेत्र, हुम्ली भाषिक क्षेत्र, हुम्ली, अदानचुली क्षेत्र, मुगु जिल्ला, बर्दिया जिल्ला, जाजरकोट दशेरा क्षेत्र, दैलेख क्षेत्र नम्बर एक, जाजरकोट बारेकोट, घोराही उपमहानगरपालिका, कालीकोट तिलागुफा क्षेत्र, अछाम पञ्चदेवल विनायक नगरपालिका, सुर्खेत पञ्चपुरी नगरपालिका, सुर्खेत चौकुने गाउँपालिका, जुम्ली साङ्केतिक भाषा, रोल्पा जिल्ला, रुकुम पश्चिम त्रिवेणी गाउँपालिका। |
| | ९ | पाठ्यपुस्तकमा आधारित | माध्यमिक तह, कक्षा ६ र ७ (कथा), कक्षा९ (कथा), उमावि, कक्षा ९ जीवनी), कक्षा११ (कथा), कक्षा ७, कक्षा ८ (जीवनी), कक्षा ७ (कथा), |

| | | | |
|---|---|---|---|
| | १५ | भाषा र भाषिका | मगर (पश्चिम), नलगाढ क्षेत्रको नेपाली भाषिक भेद, सिजाली, सिम्ताली भाषिका, कालीकोटे भाषिका, रुकुम जिल्लामा बोलिने कथ्य भाषा, मुगाली भाषिका, जाजरकोटको गर्खाकोट क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद, बाजुरेली भाषिका, हुम्ली भाषिका, जुम्ली भाषा, सुर्खेती थारू भाषा, राउटे (खाम्ची) भाषा, सल्यानी भाषिकभेद, रोल्पा जिल्लामा बोलिने मगर नाङखान भाषा |
| | ५ | लोकसाहित्यमा आधारित | कालिकोटका संस्कार गीत, धामी र झाँक्रीहरूले प्रयोग गर्ने शब्द, सुनचाँदी व्यावसायीले प्रयोग गर्ने पार्सी शब्द, जाजरकोट जिल्लाका धामीहरूले प्रयोग गर्ने शब्द, दैलेख दुल्लु क्षेत्रका धामीले देउता तान्दा प्रयोग गरिने शब्द |
| | ४ | अनुकरणात्मक शब्द | रुकुमेली भाषिकभेद, जाजरकोटी भाषिक भेद, जुम्लीभाषा, सुर्खेत पश्चिम क्षेत्रमा बोलिने भाषिक भेद |
| | २ | क्रियापदमा आधारित | कालीकोटे भाषिक भेद, मगर ढूट मगर भाषा |
| | ३ | कृषिरवन जङ्गल | बर्दियाका वनजङ्गल, अछामी कृषिक्षेत्र, समग्र कृषि क्षेत्र |
| | ७ | उखान टुक्का | रुकुमको जहारी क्षेत्र, तिब्रीकोटी भाषिक क्षेत्र, हुम्ला जिल्ला, बर्दिया जिल्लाको राजापुर क्षेत्रमा थारू भाषाका, सुर्खेत जिल्लाको सिम्ता क्षेत्र, बाँके जिल्लामा प्रचलित अवधि भाषाका, असिदराली भाषिका |
| **जम्मा** | ७८ | | |

माथिको तालिकाअनुसार यस क्याम्पसबाट सबभन्दा बढी ३३ ओटा स्थाननाम कोश निर्माण गरिएको छ। कर्णाली प्रदेशका सबै जिल्ला, केही गाउँपालिका र नगरपालिकाका, सुदूरपश्चिमको अछाम जिल्ला र लुम्बिनी प्रदेशका बर्दिया र दाङका स्थाननामको सङ्कलन गरी तिनका स्थानीय किम्बदन्तीका आधारमा रहेका शाब्दिक अर्थको उल्लेख गरिएको छ । पाठ्यपुस्तकका तहगत, कक्षागत, विधागत रूपमा प्रयोग भएका शब्दको सङ्कन र विश्लेषण गरिएको छ। विभिन्न १५ भाषा र भाषिकाका शब्दको सङ्कलन गरी कोशको आकार दिइएको छ भने अनुकरणात्मक शब्दकोश चार र भाषाका क्रियापदमा आधारित दुई ओटा शोधकार्य भएका छन् । एउटा बर्दिया जिल्लाका वन जङ्गलका नाममा आधारित र दुईओटा र कृषि क्षेत्रमा आधारित नामको सङ्कलन गरी शोधपत्र तयार पारिएको छ। स्थाननाममा आधारित शब्दकोश धेरैले गरेका छन् भने विभिन्न क्षेत्रमा आधारित कोश निर्माणमा विद्यार्थीले त्यति चासो देखाएको पाइएन।

**भाषा र स्थानीय भाषिक भेदको नेपाली भाषाबीच तुलना**

नेपाली भाषाका स्थानीय भेदहरूको स्तरीय नेपाली भाषासँग विभिन्न पक्षमा तुलना र अन्य नेपालमा बोलिने भाषाका विभिन्न पक्षका बारेमा निम्नानुसार शोध गरिएका छन्।

**तालिका ७**

*भाषा र स्थानीय भाषिक भेदको नेपाली भाषाबीच तुलना*

| क्षेत्र | सङ्ख्या | कृति |
|---|---|---|
| स्थानीय भाषिक भेदकाबीच र नेपाली भाषाकाबीच तुलना | ३८ | सल्यान कुपिण्डे क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद, जुम्ला पाँचसय दरा र भेरी खोला क्षेत्रमा बोलिने स्थानीय भेद, दैलेख लकान्द्र क्षेत्रमा बोलिने भाषिक भेद, जाजरकोट तेह्रहजार क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद, सल्यान बनगाड क्षेत्रको स्थानीय भाषिक भेद, अछाम बैजनाथ क्षेत्रमा बोलिने स्थानीय भाषिका, दार्मकोट क्षेत्रको भाषिका, अछाम मुल्लो भैसोल्यामा बोलिने स्थानीय भेद, दैलेख आठबीस दरामा बोलिने स्थानीय भाषिक भेद, कालीकोट लालुलोखाडा क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानीय भेद, चिङ्गाड क्षेत्रमा बोलिने भाषिक भेद, अछाम कुइका क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद, मुसीकोट दरामा बोलिने स्थानीय भाषिका, सुर्खेत सिम्तामा बोलिने नेपाली भाषाको स्थानीय भेद, मुल्लो भैसोले र तल्लो भैसोले क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद, जुम्ली भाषिका, रुकुम कोल क्षेत्रमा बोलिने भाषिक भेद, अछाम भैरवस्थान क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद, जाजरकोट रिम्ना क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानीय भेद, रास्कोटी भाषिका, अछाम वीरपथ क्षेत्रमा बोलिने भाषिक भेद, अछाम बड्डी सेराको स्थानीय भाषिका, अछाम आठसय क्षेत्रमा बोलिने स्थानीय भेद, जाजरकोट जिल्लाको लहँ क्षेत्रमा बोलिने उपभाषिका दुल्लु क्षेत्रमा बोलिने स्थानीय भेद, रुकुम जिल्लाको बाँफीकोट क्षेत्रमा बोलिने नेपाली भाषाको स्थानीय भेद, गर्खाकोट क्षेत्रमा बोलिने स्थानीय नेपाली भाषाको भेद, कालीकोटे भाषिक भेद रगोर्खाली भाषिक भेद, जाजरकोटको दसेरा र झाँप्रा क्षेत्रको स्थानीय बोली, सरु क्षेत्र र पजारु क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद, दर्माली र चिङ्गाडी भाषिक भेद, जाजरको टडाँगाउँली भाषिका, दैलेख आठबीस क्षेत्रको भाषिक भेद, दैलेखी भाषिका, रास्कोटी भाषिका, डोटेली भाषिका, जाजरकोट झाप्राली भाषिका, अछाम कुइका क्षेत्रको भाषिक भेद, कालिकोटे र गोर्खाली। |
| भाषा | १० | सुर्खेत साटाखानी क्षेत्रमा बोलिने मगरभाषा, दङ्गाली र देसौरे थारू भाषिक भेद, रुकुम काँक्री क्षेत्रमा बोलिने मगर पाङखाम, दैलेख खरिगैरा क्षेत्रमा बोलिने मगरभाषा, मगर भाषिक भेद, रुकुम तकसेरा क्षेत्रमा बोलिने मगर खाम भाषा, थारूभाषा, कैलालीमा बोलिने थारू भाषा, बाँके जिल्ला माबोलिने अवधी भाषा, बाँके जिल्लामा बोलिने थारू भाषा। |
| **जम्मा** | **४८** | |

माथिको तालिकाअनुसार कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशमा बोलिने नेपाली भाषा भाषिक भेदमा जम्मा ३८ ओटा शोधपत्र तयार पारिएका छन् भने मगर, थारू, अवधी भाषाका विभिन्न भेदका दस ओटा शोध गरिएका छन् । शोधार्थीहरू सम्बन्धी भाषिक वक्ता र सोही क्षेत्रका बासिन्दा रहेका छन्।

**भाषिक सीपगत र विधागत क्षमता**

भाषिक सीपअन्तर्गत पठनबोध, शब्दोच्चारण र सस्वरपठन सुनाइ र बोलाइ, अनुच्छेद लेखन, सीप र विधागत लेखन क्षमता अन्तर्गत निम्नानुसार क्षेत्रका शोधहरू गरिएका छन्।

**तालिका ८**

*भाषिक सीपगत र विधागत क्षमता*

| क्षेत्र | सङ्ख्या | कक्षा |
|---|---|---|
| पठनबोध | ११ | ७ (कञ्चनपुर), ७, ५, ८ सिम्ता), ११ (बर्दियाथारू र अन्य), ५, ७, ८, १० (बाँके), ६ (दैलेख), प्रावि, |
| शब्दोच्चारण र सस्वरपठन | ७ | ६ (मुस्लिम), ५, ४, ५ (निजीरसरकारी), ६ (अवधी), ७, ११ |
| अनुच्छेद लेखन | ११ | ९ (कालिकोट), ८, ६(लेकवेसी), १० (सुर्खेत), उमावि, ८, ९, ११, ११, ४ (अछामी), |
| कथालेखन | २ | १० (अवधी), १० |
| शब्दभण्डार | ३ | ४, ८ (पलैटे), ५ (सुर्खेतउपत्यका), ११ |
| सारांशलेखन | ११ | १०, ७, ११, ८, ९, ११, ८, ९, १०, ११, १० |
| बुँदाटिपोट | ७ | ९ (पञ्चपुरी), ११(वीरेन्द्रनगर२०७५), ११ (वीरेन्द्रनगर २०७६ ), ८ (दैलेख), १०, ९ (दुल्लु) |
| निबन्धलेखन | ९ | १०, ८, १०, ९, ९ (दैलेख), १०, १०, अछामी भाषी, ७ (डोल्पा), |
| व्यावहारिक लेखन | १ | स्नातक तह (जाजरकोट), |
| जीवनीलेखन | २ | ७, १० |
| निवेदनलेखन | १ | ८ (थारूभाषी), |
| सुनाइरबोलाइ | १ | २ |
| चिठीलेखन | ३ | मावि, १०, उमावि |
| दैनिकी | १ | १० |
| भाषिकसीप | २ | २, ५(सामुदायिक र संस्थागत), ५ |
| अन्तरक्रियात्मक सीप | २ | ५ र ४ |
| **जम्मा** | **७४** | |

भाषिक सीप र विधागत क्षमताअन्तर्गत पठनबोध क्षमता र सारांश र अनुच्छेद लेखन क्षमताका ११/११ ओटा, निबन्ध लेखनका नौ ओटा, शब्दोच्चारण र सस्वरपठन र बुँदाटिपोटका सात/सात ओटा, शब्दभण्डार र चिठी लेखन तीन/तीन, कथा, जीवनी, भाषिक सीप र अन्तरक्रियात्मक सीपमा दुई/दुई, व्यावहारिक लेखन, निवेदन, सुनाइ बोलाइ र दैनिकी लेखन क्षमतामा एक/एक ओटा गरी जम्मा ७४ ओटा शोध गरिएका छन्। पठनबोध, सारांश र अनुच्छेद लेखनमा सबभन्दा बढी शोध भएका छन् भने निवेदन, सुनाइ, बोलाइ र दैनिकी लेखनका एकएक ओटा मात्र शोध भएका छन्।

**विधा शिक्षण कार्यकलाप, सामग्री प्रयोग र व्याकरण शिक्षणको प्रभावकारिता**

विभिन्न प्रकारका विधा शिक्षण गर्दा प्रयोग गरिएका कार्यकलाप, शिक्षणमा सामग्रीको प्रयोग र व्याकण शिक्षणको प्रभावकारिताका बारेमा भएका शोधको विवरण यस प्रकार रहेको छ।

**तालिका ९**

*विधा शिक्षण कार्यकलाप, सामग्री प्रयोग र व्याकरण शिक्षणको प्रभावकारिता*

| क्षेत्र | सङ्ख्या | विधा | कक्षा |
|---|---|---|---|
| विधा शिक्षणको प्रभावकारिता | ५ | कविता | १२, ९, २, मावि, ५ |
| | ७ | कथा शिक्षण कार्यकलाप | ८, ७, ९, प्रावि, ६, १०, मावि, |
| | ४ | सामग्री प्रयोग | प्रावि, मावि, ९, मावि |
| | ५ | व्याकरण शिक्षण | १०, ६, निमावि, १०, ८, निमावि, |
| | १ | कार्यमूलक व्याकरण | ७, |
| जम्मा | **२२** | | |

माथिको तालिकाअनुसार कविता, कथा विधा शिक्षणको प्रभावकारितामा १२ ओटा शोध गरिएका छन् भने शिक्षण सामग्रीको प्रभावकारितामा चार र व्याकरण शिक्षणमा पाँच र कार्यमूलक व्याकरणमा एक गरी जम्मा जम्मा २२ ओटा शोध गरिएका छन्। कथा शिक्षणको प्रभावकारितामा सबभन्दा बढी सात ओटा शोध भएका छन् भने कार्यमूलक व्याकरणमा भने सबभन्दा कम एउटा मात्र शोध भएको छ।

**त्रुटिविश्लेषण**

भाषाका वाक्यगठन, पत्रिका र सासइनबोर्डको वर्णविन्यास, उच्चारण र व्याकरणिक कोटिमा भएका त्रुटिको बारेमा निम्नानुसार शोध भएका छन्।

**तालिका १०**

*त्रुटिविश्लेषण*

| क्षेत्र | सङ्ख्या | त्रुटिक्षेत्र | कक्षा (स्थान) रविषय |
|---|---|---|---|
| त्रुटिविश्लेषण | ७ | वाक्यगठन | मावि (अछाम), अछामी भाषी, मगरभाषी, कालीकोटे भाषी, ९ (जाजरकोट मगर ), निमावि (वाक्यगठन), ८ (मगर दैलेख) |
| | १७ | वर्णविन्यास | ८ (कनकासुन्दरी), १०(जाजरकोट), ९, थारू, ५ (अछाम), ५, आवि (जुम्लातिला), ८, निमावि, उत्तरपुस्तिका (दैलेख८), प्रावि (राजी), ५, ६, ८ |

| | | | |
|---|---|---|---|
| | | | (तिलागुफा), अछामी भाषी, मावि (अर्घाखाँची), १०, उमावि, ७, ८ (वीरेन्द्रनगर थारूभाषी), थारू), ८(बाजुरा), ८(अछामी), ८(थारू), ५(थारू), ८(वीरेन्द्रनगर), ७(अछामी भाषी), ७(अछामी), |
| | १० | उच्चारण | प्रावि, ५ (रुकुम खामभाषी), ६ (बर्दिया गुरुङ), एफएमरेडियो, मगरभाषी, खुनाभाषा, ६ (थारूभाषी), ७, सुर्खेत एफएम, ६ (बर्दिया गुरुङ) |
| | ७ | पत्रिकाको वर्णविन्यास | समाधानन्युज राष्ट्रिय दैनिकको सम्पादकीय, सुर्खेत कादैनिक पत्रिका, हिमाली सुस्केरा साप्ताहिक, धमाका र हाम्रो अखबार, धमाका दैनिक, हाम्रो खबर दैनिक, लोकमञ्च, साझा विसौनी दैनिक, रामारोशन र खप्तड न्युज प्रत्रिका, हाम्रो नयाँ नेपाल दैनिक, युग आह्वान दैनिक पत्रिका। |
| | ६ | साइनबोर्डको वर्णविन्यास | दैलेख राकम बजार, दैलेख बेस्तडा बजारका, मप र काँक्रेबिहार बस समितिका प्लेट, गुमी बजार, सरकारी र गैरसरकारी, बाबियाचौर बजार, गुटुबजारका सरकारी कार्यालय तथा पसल, सुर्खेत वीरेन्द्रनगर पालिकामा राखिएका होडिङ बोर्ड। |
| | १ | व्याकरणिक कोटी | स्नातक तह। |
| **जम्मा** | ४८ | | |

त्रुटिविश्लेषण क्षेत्रअन्तर्गत तहगत, कक्षागत र क्षेत्रगत रूपमा विद्यार्थीले गर्ने वाक्यगठनगत त्रुटिमा सात, वर्णविन्यासमा सत्र र उच्चारणमा दस जनाले शोध गरेका छन् भने विभिन्न स्थानीय पत्रपत्रिका रहेका वर्णविन्यासगत त्रुटिमा सात ओटा र विभिन्न स्थानका बजारमा प्रयोग भएका साइनबोर्डमा रहेका नेपाली भाषिक त्रुटिमा छ ओटा शोध भएका छन्। एउटा शोध स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीको व्याकरणगत कोटिमा गर्ने त्रुटिमा भएको छ। यसरी त्रुटिविश्लेषणका क्षेत्रमा सबभन्दा बढी वर्णविन्यासको क्षेत्रमा भएको छ भने व्याकरणिक कोटिका क्याम्पस स्तरका विद्यार्थीमा एउटा मात्र भएको छ।

## समाजभाषिक विश्लेषण, गाली, भाषिक अपसरण, कोडमिश्रण र डायस्पोरिक विश्लेषण

विभिन्न कृति र भाषिक भेदको समाजभाषिक विश्लेषण, भाषामा प्रयुक्त गाली र भाषिक अपसरण, कोडमिश्रण र डायस्पोरिकआधारमा गरिएका शोधको विवरण यस प्रकार रहेको छ।

**तालिका ११**

*समाजभाषिक विश्लेषण, गाली, भाषिक अपसरण, कोडमिश्रण र डायस्पोरिक विश्लेषण*

| क्षेत्र | सङ्ख्या | कृतिरभाषा |
|---|---|---|
| समाज भाषिक विश्लेषण | ९ | चम्पा उपन्यास, देई उपन्यास, गुलाबी उमेर उपन्यास, इन्साफ उपन्यास, योगमाया उपन्यास, काँरा उपन्यास। |
| | | गर्खाकोट क्षेत्रमा बोलिने भाषिक भेद, जाजरकोटी भाषा, जुम्ला सिजा क्षेत्रमा बोलिने भाषिक भेद। |

| | | |
|---|---|---|
| गालीको अध्ययन | १ | कालिकोटे भाषा |
| भाषिक अपसरण | २ | वीरेन्द्रनगरका मगर, बाजुराको बाजुरेली भाषिक भेद |
| कोडमिश्रण | २ | उच्च मावि र कक्षा आठ |
| डायस्पोरिक | १ | चिरिएको मुटुको कथा |
| **जम्मा** | **१५** | |

तालिकाअनुसार यस क्षेत्रमा विभिन्न प्रमुख छ ओटा उपन्यास र तीनओटा नेपालीका स्थानीय भाषिक भेदको समाजभाषिक विश्लेषण गरिएको छ । कालिकोटे भाषिक भेदमा देखा परेका गालीको अध्ययन एक जनाले र सुर्खेतको मगर र बाजुरेली भाषाको भाषिक अपसरणको बारेमा दुई जनाले शोध गरेका छन्। त्यसैगरी एक जनाले मात्र कृतिको डायस्पोरिक अध्ययन गरेका छन् भने दुई जनाले विद्यार्थीले भाषिक प्रयोगमा गरिने कोडमिश्रणको अध्ययन गरेका छन्।

**मूल्याङ्कन, प्रश्नपत्र विश्लेषण र विशिष्टीकरण तालिका**

यस क्षेत्रमा भाषिक मूल्याङ्कन र विभिन्न कक्षाका परीक्षामा प्रयोग भएका प्रश्नपत्रहरूको विभिन्न आधारमा निम्नानुसार शोध गरिएको छ।

**तालिका १२**

*मूल्याङ्कन र प्रश्नपत्र विश्लेषण*

| क्षेत्र | सङ्ख्या | प्रकृति | कक्षा |
|---|---|---|---|
| मूल्याङ्कन | ६ | निरन्तर विद्यार्थी मूल्याङकनको प्रभावकारिता | ३ (२०७२), ३(२०७६), २, प्रावि, भाषिक सीप विकास, ३ |
| | १ | आवधिक प्रगति विवरण | ३ |
| प्रश्नपत्रको विश्लेषण | १६ | तुलनात्मक र विश्लेषणात्मक | आधारभूत तह (२०७५), उमावि (२०७०), स्नातक (२०७१, ८(२०६९), १०, ८ (२०७३), ७(२०६६), एस.एल.सी.(२०७१), ८ (२०७३), ८ (२०७१), ८ (२०६९र२०७०), ८ (२०७२ (दैलेख), एस.एल.सी.(२०७२), ९, ८, ८ (२०७५) |
| विशिष्टीकरण तालिका | १ | विशिष्टीकरण तालिका निर्माण र प्रयोग | ९, |
| **जम्मा** | **२४** | | |

माथिको तालिकाअनुसार विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारिताका बारेमा जम्मा छ ओटा शोध भएका छन् भने विद्यार्थीको आवधिक प्रगति विवरणका बारेमा एक जनाले र विद्यालय तहदेखि स्नातक तहसम्मका वार्षिक परीक्षामा प्रयोग भएका प्रश्नपत्रको विश्लेषणमा सोह्र ओटा शोधकार्य भएको पाइन्छ। एक जनाले प्रश्नपत्र निर्माण गर्दा प्रयोग गरिने विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग अवस्थाका बारेमा अध्ययन गरेको देखिन्छ। समग्रमा प्रश्नपत्र निर्माणमा धेरैले

शोध गरेका छन् भने विशिष्टीकरण तालिका र आवधिक परीक्षाको प्रभावकारितामा एक जनाले मात्र शोध गरेको पाइन्छ।

**लोकसाहित्यमा प्रयुक्त भाषा र विभिन्न भाषामा प्रयोग भएका उखान टुक्का**

यस क्षेत्र अनुसारलोकसाहित्यका संस्कार गीत, पर्वोत्सव गीत, लोककथा लगायतका विधामा प्रयोग भएको भाषाको अध्ययन र विभिन्न भाषा र भाषिक भेदमा रहेका उखान टुक्काको अध्ययन निम्नानुसार भएको छ।

**तालिका १३**

*लोकसाहित्यमा प्रयुक्त भाषा र विभिन्न भाषामा प्रयोग भएका उखान टुक्का*

| क्षेत्र | सङ्ख्या | विधा | क्षेत्र |
|---|---|---|---|
| लोकसाहित्यमा प्रयुक्त भाषा | ३ | संस्कार गीत | सिजादरा, जुम्ला पान्सय दरा, सिम्ता दरा, दुल्लु क्षेत्र, |
| | ७ | पर्वोत्सव | दैलेख माझखण्ड, कालिकोट, दैलेख माझखण्ड पुरुष, दसेरा |
| | ४ | लोककथा | थारमारे, जाजरकोट, रुकुमकोट, सिम्ता दरा, |
| | १ | सिंगारू | सिम्ता, |
| | १ | ख्याली | जाजरकोट लहँ क्षेत्र, |
| | १ | मागल र झोडा | कालिकोट रास्कोट, |
| | १ | कर्खा | दैलेख, |
| | २ | देउडा | पश्चिम दैलेख, कालिकोट |
| | १ | टप्पा | सिम्ता दरा, |
| | १ | नारी गीत | जाजरकोट लहँ |
| | १ | भैनी गीत | दुल्लु, |
| उखान टुक्का | ७ | भाषामा प्रयुक्त | रुकुमको जहारी क्षेत्र, तिब्रीकोटी भाषिक भेद, हुम्ला जिल्ला, बर्दिया जिल्लाको राजापुर क्षेत्र, सुर्खेत जिल्लाको सिम्ता क्षेत्र, बाँके जिल्लामा प्रचलित अवधिभाषा, असिदराली भाषिका। |
| **जम्मा** | **३०** | | |

तालिकाअनुसार यस क्षेत्रमा कर्णाली प्रदेशको लोकसाहित्यका विभिन्न विधामा प्रयोग भएको भाषाको अध्ययन गरिएको छ। सबैभन्दा बढी पर्वोत्सवमा प्रयोग भएको भाषिक अध्ययन भएको छ यसमा जम्मा सात जनाले अध्ययन गरेका छन्। त्यसैगरी लोककथामा ४ जनाले, र देउडा गीतमा प्रयोग भएको भाषामा चार जनाले रसंस्कार गीतमा तीन जनाले अध्ययन गरेका छन्। सिंगारू, ख्याली, मागल र झोडा, कर्खा, टप्पा, नारी गीत, भैनी गीतमा एक एक जनाले मात्र शोध गरेको देखिन्छ। यसका साथै विभिन्न भाषा र भाषिक भेदमा प्रयुक्त उखान टुक्काको सङ्कलन गरी विश्लेषण गरिएको छ।

### शिक्षक निर्देशिका, शोधविवरण र अनुवाद

शोधको शिक्षक निर्देशिका निर्माण र प्रभावकारिता, पहिले भएका शोधपत्रको विवरणात्मक अध्ययन र अनुवादका क्षेत्रमा निम्नासुरका शोध भएका छन्।

**तालिका १४**

*शिक्षक निर्देशिका, शोधविवरण र अनुवाद*

| क्षेत्र | सङ्ख्या | प्रकृति | कक्षा |
|---|---|---|---|
| शिक्षक निर्देशिका निर्माण र प्रयोग | ३ | प्रयोग | १०, १-३, ९, |
| | ४ | नमुना | प्रावि, ४, ६, ५ |
| शोधविवरण | १ | सुर्खेत क्याम्पसका शोध | २०७३सम्म |
| अनुवाद | १ | विश्वेश्वरप्रसाद कोइराला | हिन्दी कथा |
| **जम्मा** | ९ | | |

माथिको तालिका अनुसार शिक्षक निर्देशिकाको प्रयोग अवस्थामा तीन जना र नमुना शिक्षक निर्देशिका निर्माणमा चार जनाले शोध गरेका छन् । पुराना २०७३ सालसम्म भएका शोधको विवरणात्मक अध्ययन हिन्दी कथाको नेपालीमा अनुवाद गरी अनुवादसम्बन्धी एक जनाले शोध गरेको पाइन्छ। अन्य जनाले यस प्रकारका क्षेत्रमा शोध गरका छैनन।

## समग्र शोधक्षेत्र

समग्रमा सुर्खेत बहुमुखी क्याम्पसको एम.एड. नेपाली शिक्षा विषयको पठनपाठन पछि २०६३ सालबाट दोस्रो वर्षमा नेपाशि.५९८ को शोधपत्र लेख्न थालेदेखि २०७८ सालसम्मका वार्षिक र सेमेष्टर (नेपाशि.५४४) दुबै प्रणालीका विभिन्न क्षेत्रका ४८० शोधपत्र तयार भएका छन् । ती शोधपत्रका शोधक्षेत्र, सङ्ख्या र प्रतिशतनिम्नानुसार रहेका छन्।

**तालिका १५**

*समग्र शोधक्षेत्र*

| क्र. सं. | शोधक्षेत्र | सङ्ख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | पाठ्यपुस्तकको विश्लेषण | ८१ | १६.९ |
| २ | शब्दकोश | ७८ | १६.२५ |
| ३ | भाषिक सीपगत र विधागत क्षमता | ७४ | १५.४१ |
| ४ | भाषा र स्थानीय भाषिक भेदको नेपाली भाषाबीच तुलना | ४८ | १० |
| ५ | त्रुटिविश्लेषण | ४८ | १० |
| ६ | कृतिको शैलीवैज्ञानिक र सङ्कथन विश्लेषण | ४१ | ८.५ |
| ७ | लोकसाहित्यमा प्रयुक्त भाषा र विभिन्न भाषामा प्रयोग भएका उखान टुक्का | ३० | ६.२५ |
| ८ | मूल्याङ्कन, प्रश्नपत्र विश्लेषण र विशिष्टीकरण तालिका | २४ | ५ |
| ९ | विधा शिक्षण कार्यकलाप, सामग्री प्रयोग र व्याकरण शिक्षणको प्रभावकारिता | २२ | ४.६ |

| | | | |
|---|---|---|---|
| १० | समाजभाषिक विश्लेषण, गाली, भाषिक अपसरण, कोडमिश्रण र डायस्पोरिक विश्लेषण | १५ | ३.१ |
| ११ | पाठ्यक्रमको तुलना र विश्लेषण | १० | २.०८ |
| १२ | शिक्षक निर्देशिका, शोधविवरण र अनुवाद | ९ | १.९ |
| | **जम्मा** | **४८०** | |

माथि तालिकामा दिएअनुसार सुर्खेत बहुमुखी क्याम्पसको स्नातकोत्तर तहको नेपाली शिक्षा विषयमा जम्मा १२ क्षेत्रमा शोध भएका छन् । शोधपत्रका शोधक्षेत्रहरूमा सबभन्दा बढी ८१ (१६.९%) ओटा शोध विद्यालय तहका पाठ्यपुस्तकको विश्लेषणमा भएको छ। विद्यालय तहका पाठ्यपुस्तकलाई आन्तरिक र बाह्य आधारमा विश्लेषण गर्नुका सथै विभिन्न तह र कक्षाका पाठ्यपुस्तकसँग तुलना गरिएको छ । पाठ्यपुस्तकका पाठहरूको प्रभावकारिता र नमुना पाठ निर्माण गर्ने काम पनि यस शोधक्षेत्रमा भएको छ। दोस्रो धेरै शोध भएको क्षेत्र शब्दकोश हो। यसमा ७९ (१६.२५%) ओटा शोधपत्र विभिन्न जिल्ला र स्थानीय निकायका स्थाननामलाई सङ्कलन गरी अर्थ र व्युत्पत्ति दिइएको छ । विभिन्न पाठ्यपुस्तक र भाषा र भाषिक भेदमा आधारित शब्दको सङ्कलन र नेपालीमा अर्थ दिइएको छ । तेस्रोमा भाषिक सीपगत र विधागत क्षमता रहेको छ यसमा जम्मा ७४ (१५.४१%) ओटा शोध भएका छन् । त्यसपछि क्रमश: भाषा र स्थानीय भाषिक भेदको नेपाली भाषाबीच तुलनामा ४८(१०%), त्रुटिविश्लेषण१० (१०%), कृतिको शैलीवैज्ञानिक र सङ्कथन विश्लेषणमा ४१(८.५%), लोकसाहित्यमा प्रयुक्त भाषा र विभिन्न भाषामा प्रयोग भएका उखान टुक्कामा ३० (६.२५%), मूल्याङ्कन, प्रश्नपत्र विश्लेषण र विशिष्टीकरण तालिकामा २४(५%), विधा शिक्षण कार्यकलाप, सामग्री प्रयोग र व्याकरण शिक्षणको प्रभावकारितामा २२(४.६%), समाजभाषिक विश्लेषण, गाली, भाषिक अपसरण, कोडमिश्रण र डायस्पोरिक विश्लेषणमा १५(३.१) रपाठ्यक्रमको तुलना र विश्लेषणमा १०(२.८%), शिक्षक निर्देशिका, शोधविवरण र अनुवादमा ९ (१.९%) ओटा गरी १२ क्षेत्रमा शोध भएको छ । त्रिवि नेपाली भाषा शिक्षा विभागले निर्धारण गरेका अधिकांश क्षेत्रमा सुर्खेत बहुमुखी क्याम्पसमा शोध भएको पाइन्छ । द्विभाषिकता र बहुभाषिकताको अध्ययन, दोस्रो भाषाशिक्षण, बालभाषाको अध्ययन, बालसाहित्यको अध्ययनविदेशी भाषाको अध्ययन गरी पाँचओटा क्षेत्रमा शोध भएको छैन् । विभिन्न शोधका क्षेत्रमध्ये पाठ्यपुस्तकको विश्लेषणमा धेरैले शोध गरेको पाइयो भने निर्देशिकाको प्रभावकारिता र नमुना निर्देशिका निर्माणमा सबभन्दा कम शोध भएको छ । सबै शोधक्षेत्रको सन्तुलित रूपमा शोधकार्य भएको छैन । कुनैमा धेरै कुनै शोधक्षेत्रमा शोध नै नहुनुमा पहिले जसले जुन क्षेत्रमा गर्यो सोही क्षेत्रमा मात्र शोध गर्ने परम्परा नै भएकाले एउटै क्षेत्रमा शोधकार्य भएको देखिन्छ ।

## निष्कर्ष

सुर्खेत बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको नेपाली शिक्षा विषयको पठनपाठन भएदेखि २०७८ सालसम्म पाठ्यपुस्तकको विश्लेषण, शब्दकोश, भाषिक सीपगत र विधागत क्षमता, भाषा र स्थानीय भाषिक भेदको नेपाली भाषाबीच तुलना, त्रुटिविश्लेषण, कृतिको शैलीवैज्ञानिक र सङ्कथन विश्लेषण, लोकसाहित्यमा प्रयुक्त भाषा र विभिन्न भाषामा प्रयोग भएका उखान टुक्का, मूल्याङ्कन, प्रश्नपत्र विश्लेषण र विशिष्टीकरण तालिका, विधा शिक्षण कार्यकलाप, सामग्री प्रयोग र व्याकरण शिक्षणको प्रभावकारिता, समाजभाषिक विश्लेषण, गाली, भाषिक अपसरण, कोडमिश्रण र डायस्पोरिक विश्लेषण, पाठ्यक्रमको तुलना र विश्लेषण रशिक्षक निर्देशिका, शोधविवरण र अनुवाद गरी जम्मा १२ शोधक्षेत्रका ४८१ शोधपत्र तयार भएका छन् । यस क्याम्पसबाट विभिन्न जिल्ला र पालिकामा रहेका स्थाननामको सङ्कलन गरी तिनको व्युत्पत्ति र अर्थ दिएर

स्थाननामकोश क्षेत्रमा भएको कार्य अन्य क्याम्पसमा नभएको उपशोधक्षेत्र हो । त्यसैगरी भाषिक क्षेत्रमा प्रयोग हुने गालीको पनि खोजी गरिएको छ । त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षा केन्द्रीय विभागले शोध निर्देशिका मार्फत निर्देश गरेका १४ शोधक्षेत्रमध्ये द्विभाषिकता र बहुभाषिकताको अध्ययन, दोस्रो भाषाशिक्षण, बालभाषाको अध्ययन, बालसाहित्यको अध्ययन विदेशी भाषाको अध्ययन गरी पाँचओटा क्षेत्रमा शोध भएको पाइदैन ।सबै शोधक्षेत्रमा सन्तुलित रूपमा शोध भएको छैन । कुनै क्षेत्रमा धेरै र कुनैमा थोरै शोध भएको देखिन्छ । पहिले जसले जुनमा क्षेत्रमा शोधपत्र तयार पार्छ, अन्यले पनि सोही क्षेत्रमा गर्ने परम्परा रहेको छ । नक्कल गर्ने प्रवृत्तिका कारण नयाँ शोधक्षेत्रको खोजी गर्ने बानीको विकास हुन सकेको छैन् । नेपाली शिक्षा विषय समितिले निर्धारण गरेका सबै शोधक्षेत्रमा सन्तुलित रूपमा शोध गराउनु पर्ने देखिन्छ । केन्द्रीय विभागले समयसमयमा शोधक्षेत्रको अद्यावधिक गर्नुपर्ने देखिन्छ । भाषा र भाषा शिक्षणमा भएका नवीन विकासलाई शोधक्षेत्र बनाएर शोध गराउन सकियो भने स्नातकोत्तर शोधले नयाँ गति लिने देखिन्छ । मनोभाषाविज्ञान, समाजभाषाविज्ञानका र भाषाशिक्षणमा देखिएका नवीन विधि र प्रविधिको प्रयोग र प्रभावकारिता जस्ताक्षेत्रमा शोधकार्य हुन सकेका छैनन् । सम्पूर्ण क्याम्पसमा भएका शोधको विवरण केन्द्रीय विभागमा अभिकेखीकरण गरिनु आवश्यक छ । यसबाट शोधको आवृत्तिलाई समेत रोकी नवीन शोधक्षेत्रमा शोध गराउन सकिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६०) शोधसमस्याहरूको छनोट, चूडामणि बन्धु (प्रधान सम्पादक) *अनुसन्धान विधिका केही पक्ष* (पृपृ ८-१३), काठमाडौं नेपाल प्रज्ञा प्रतिष्ठान।

कँडेल, गङ्गाराम (२०७३), *सुर्खेत क्याम्पस शिक्षाबाट नेपाली विभागमा हाससम्म भएका शोधको अध्ययन*, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा विभाग सुर्खेत बहुमुखी क्याम्पस सुर्केत।

भण्डारी, पारशमणि (२०६३) *स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण*, काठमाडौं: न्यू हिरा बुक्स इन्टर प्राइजेज

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२ तेस्रो सं.) *शोधविधि*, ललितपुर: साझा प्रकाशन।

शाही, हर्कबहादुर (२० ७८) सू्नातकोत्तर तहमा भएका भाषिक अनुसनन्धानको अवस्था, *प्रयास* वर्ष ४ अङ्क १ त्रिवि प्राध्यापक सङ्घ सुर्खेत बहुमुखी क्याम्पस।

शाही, हर्कबहादुर र लामिछाने, थानेश्वर (२०७३), *सू्नातकोत्तर नेपाली शिक्षा शोध विवरण*, सुर्खेत: देवी कुमारी शाह र पुष्पाञ्जली लामिछाने।